# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** | **संख्याः ४** | **मितिः असार ८ गते, २०८०**


## भाग–१

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## चन्द्रागिरि नगरपालिका

## आ.व. २०८०/२०८१ को विषयगत क्षेत्र र उपक्षेत्रगत नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यज्यूहरू,**

नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना अनुरुप स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई हामीले पहिलो वर्ष पूरा गरिसकेका छौं र आज बाह्रौं नगरसभाको सत्रमा उपस्थित भएका छौं । "ऐतिहासिक सांस्कृतिक नगरी, समृद्ध पर्यटकीय चन्द्रागिरि" नारालाई साकार पार्ने गरी नगरबासीको आकाङ्क्षा अनुरुप भौतिक पूर्वाधार विकासको साथै आर्थिक, सामाजिक र मानवविकास तथा प्रविधियुक्त

सुशासन र सभ्यतामूलक समाज सहितको समृद्धतातर्फ अगाडि बढाउने अभिभारा निर्वाचित जनप्रतिनिधिहरूको काँधमा छ । निर्वाचनका माध्यमबाट नागरिकले प्रदान गरेको जिम्मेवारीलाई साकार पार्नमा नगरपालिकाले अँगाल्ने नीति तथा कार्यक्रमको अहम् भूमिका रहन्छ । हामीले आगामी आ.व. २०८०/२०८१ का लागि तर्जुमा गरेको नीति तथा कार्यक्रमलाई यस गरिमामय बाह्रौं नगरसभाको आजको सत्रमा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु ।

यस अवसरमा नेपालमा प्रजातन्त्र प्राप्तिदेखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ चलेका सम्पूर्ण ऐतिहासिक जनआन्दोलनहरूमा आफ्नो जीवन बलिदान गर्ने सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली र सम्मान व्यक्त गर्दछु । साथै ती आन्दोलनहरूमा रगत पसिना बगाउने योद्धाहरूको उच्च सम्मान गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरू,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट २०८०/०८१, चालु योजना, दिगो विकासका लक्ष्य, कार्यपालिकाका सदस्यज्यूहरूको सुझाव, विभिन्न राजनैतिक दल, संघ/संस्था, कर्मचारी तथा यस चन्द्रागिरि नगरबासी दाजुभाइ, दिदीबहिनीबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकता संकलन गरी साधन तथा स्रोतलाई ध्यानमा राख्दै प्राथमिकताका आधारमा चन्द्रागिरि नगरपालिकाको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम पेश गर्दैछु । अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहका लागि पनि मध्यमकालीन खर्च संरचनामा आधारित बजेट तर्जुमालाई अनिवार्य गरेको परिप्रेक्ष्यमा राष्ट्रिय योजना आयोगको दिग्दर्शन समेतका आधारमा ५ वटा विषयगत क्षेत्र र २५ उपक्षेत्रमा आधारित रही हाम्रो नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु ।

अब म चन्द्रागिरि नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक क्षेत्र

### क. कृषि

१. आ.व. २०७९/०८० को बजेटबाट चालु परियोजनाहरूलाई निरन्तरता दिने नीति लिईनेछ ।

२. हिउँदे र बर्षे तरकारी बालीको बीउ साथै प्राङ्गारिक तथा जैविक मल, प्राङ्गारिक बिषादी र भिटामिनहरू वितरण गरिनेछ । रासायनिक तथा जैविक मल सहज आपूर्तिको लागि सहजीकरण गरिनेछ ।

३. कृषिमा प्रयोग हुने कृषि चुन र लहरे बालीमा प्रयोग हुने फुरोमुन ट्र्याप (Furomin Trap) वितरण गरिनेछ ।

४. मौरीको घार कार्यक्रम जैविक विविधता संरक्षण कार्यक्रम भएकोले अनुदानमा आधारित गोला सहितको मौरीको घार वितरण गरिनेछ ।

५. परम्परागत कृषिलाई प्रविधिमैत्री खेती प्रणालीमा लैजान प्रविधिमा आधारित कृषि औजार, उपकरण एवं मेशिनरी खरिदमा अनुदान दिईनेछ ।

६. कृषकलाई अनुदानमा धानको बिऊ र च्याउको बीउ वितरण गरिनेछ ।

७. स्थानीय कृषि उत्पादनलाई प्रवर्द्धन गर्न कृषि बजार, सहरी हाट बजार, बिक्रि केन्द्र एवं प्रदर्शनीस्थलको स्थापना तथा कृषि प्रवर्द्धनात्मक प्रदर्शनी कार्यक्रमहरूको आयोजना गरिनेछ ।

८. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गरिनेछ ।

९. प्राङ्गारिक मल उत्पादनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०. कृषक र नगरको लगानीमा नमुना हाइटेक च्याउ उत्पादन केन्द्रको स्थापनामा जोड दिनेछ ।

११. कृषिमा प्रयोग हुने कीटनाशक औषधीले मानव स्वास्थ्यमा असर पार्ने विषादी प्रयोगमा निरुत्साहित गरिनेछ ।

१२. फापर, मकै, कोदो, भटमास लगायत अन्य रैथाने बालीहरु संरक्षण गर्ने नीति लिईनेछ ।

१३. कौषी खेती पकेट क्षेत्र घोषणा गरी प्रांगारिक र ताजा तरकारी उत्पादनलाई प्राथमिकता दिंदै अन्य सबै प्रकारका कौषी खेतीहरुलाई प्रोत्साहित गरिनेछ ।

१४. लप्सी लगायत अन्य उपयुक्त नगदे प्रजातीका बिरुवाहरु पहिचान सार्वजनिक जग्गा तथा सामुदायिक वन क्षेत्रहरुमा कृषि वन कार्यक्रम अगाडि बढाईनेछ । साथै जग्गाहरु बाँझो राख्न नपाईने नीति लिई त्यस्ता स्थानहरुमा नगरपालिकाले अस्थायी कृषि उत्पादनमा प्रयोग गर्न सक्नेछ ।

१५. फलफूल, तरकारी, फूल लगायतका बिरुवा उत्पादन नर्सरीलाई प्रवर्द्धन गरिनेछ ।

## ख. पशुपंक्षी

१. साना किसानहरूलाई मध्यनजर गर्दै अनुदानमा दुहुना गाई, भैसी वितरण गरी स्वरोजगार र आयआर्जनमा आधारित कार्यक्रम गरिनेछ । पशु प्रवर्द्धन कार्यक्रमको लागि स्थानीयस्तरमा माउ/वीउ पशु उत्पादन गर्ने किसान लक्षित विशेष अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२. साना किसानहरूको लागि हिउँदे घाँसको बीउ वितरण गरिनेछ । साथै गोठ सुधारको कार्यक्रम संचालन गरिनेछ ।

३. पशुको कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ।

४. उत्पादनमूलक कृषक लक्षित गरी पशुको लागि औषधीहरू र भ्याक्सिन दिने कार्यलाई निरन्तरता दिईनेछ।

५. पशुपन्छी रोग पहिचानको लागि सर्भिलेन्स कार्यक्रम सञ्चालन गरिनेछ।

६. पशुपन्छी फार्म, माछामासु पसल, एग्रोभेट र दाना उद्योग तथा डिलरको अनुगमन गरिनेछ।

७. दुग्ध उत्पादनको लागि लागत साझेदारीमा पूँजीगत कार्यक्रम सञ्चालनमा सहयोग गरिनेछ।

८. पशुपालक कृषकहरूको लागि उत्पादकत्व वृद्धि सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रमहरू संचालन गरिनेछ।

९. कृषि, स्वास्थ्य र पशु शाखाको समन्वयमा विषादी र एन्टीबायोटिक रेसिष्ट सम्बन्धी सचेतनाका लागि One Health कार्यक्रम सञ्चालन गरिनेछ।

१०. छाडा जनावर (सामुदायिक) व्यवस्थापनका लागि PPP मोडेलमा प्रविधिको प्रयोग सहित आवश्यक प्रबन्ध गरिनेछ।

११. मृत पशु र सिनो व्यवस्थापनको लागि बायोपिट एवं एनिमल क्रिमेटोरी निर्माण गरी व्यवस्थापन गरिनेछ।

१२. शहरी पशुपालन कार्यक्रम अन्तर्गत घरघरमा पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरिनेछ।

१३. पशुपालन व्यवसायका लागि चरिचरण भएका कृषकहरूलाई साथै पशुपालन गरिरहेका आर्थिक अवस्था कमजोर भएकालाई उन्नत जातका बाख्रा वितरण गरिनेछ।

१४. व्यवसायिक दुग्ध उत्पादक कृषकहरूलाई प्रोत्साहन गरी चन्द्रागिरिलाई दूधमा आत्मनिर्भर बनाइनेछ । साथै, मासु उत्पादनमा समेत आत्मनिर्भर बनाउन पहल गरिनेछ ।

१५. रैथाने नस्ल संरक्षणको लागि लोकल कुखुराको चल्ला र लोकल बाख्राको पाठा वितरण गरिनेछ ।

## ग. सिंचाई

१. परम्परागत कुलो, राजकुलोलाई मापदण्ड पुर्‍याई संरक्षण गरिनेछ ।

२. स्प्रिङकलर र थोपा सिंचाइ जस्ता आधुनिक सिंचाइ प्रविधिको प्रवर्द्धन गरिनेछ ।

## घ. उद्योग, व्यापार तथा व्यवसाय

१. नगर क्षेत्रभित्रका सफल र राम्रा उद्योग व्यवसायीहरूको पहिचान गरी उद्योग व्यवसायको तथ्यांक अद्यावधिक गरी प्रोत्साहन तथा सम्मान गरिनेछ ।

२. विभिन्न कारणले रुग्ण अवस्थामा पुगेका उद्योग व्यवसायहरूलाई उत्थान गर्ने प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

३. घरेलु उद्योगहरू नगरपालिकास्तरबाट दर्ता/नियमनका लागि आवश्यक ऐन, नियमावली र कार्यविधि बनाई लागु गरिनेछ ।

४. पर्यटकहरूले नगरपालिकाको चिनोको रुपमा (कोशेली) खरिद गर्ने सामानहरू उत्पादन गर्ने पेसा व्यवसाय उद्योगीहरूको पहिचान गरी तालिम र अन्य प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

५. सम्बन्धित क्षेत्रका बिशेषज्ञहरू समेतको सहभागितामा आवश्यकता अनुसार बजार अनुगमन गरिनेछ ।

५. उपभोक्ताहरूलाई सचेत र जागरुक बनाउनको लागि उद्योगी व्यवसायीहरू समेत सम्मिलित गरी गोष्ठी/तालिम सञ्चालन गरिनेछ।

६. उत्पादन तथा व्यापार व्यवसाय प्रवर्द्धनका लागि लगानी सम्मेलन गरिनेछ। नगरपालिकाको तर्फबाट सहजीकरण र लगानीमैत्री नीति अवलम्वन गरिनेछ।

७. औद्योगिक ग्राम/क्षेत्र स्थापना तथा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

८. विपन्न तथा दलित बस्तीको लागि एक ग्राम एक उद्योगको परिकल्पना गरी सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

९. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पालाई निरन्तरता दिइनेछ र सो कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्था गरिनेछ।

१०. नगरस्तरीय घरेलु उद्योग दर्ता, सञ्चालन र बजारीकरणमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

११. नगरपालिका क्षेत्रमा हस्तकला एवं फेल्टजन्य व्यवसायलाई प्रोत्साहन गर्न तालिम दिई दक्ष जनशक्तिको उत्पादन गरी अर्न्तराष्ट्रिय बजारीकरणलाई प्रवर्द्धन गरिनेछ।

## ङ. पर्यटन

१. नगरका हरेक वडा तथा मुख्य मार्ग र टोल वस्तीहरुमा आवश्यकता अनुसार महत्वपूर्ण स्थानीय नाम सहितको स्थानसूचक बोर्ड (लोकेसन म्याप) राखिनेछ।

२. नगरपालिकामा रहेका विभिन्न मन्दिर, पार्क, ट्रेकिङ्ग रुट आदिको प्रचार प्रसार गरी स्थानीय पर्यटनको प्रवर्द्धन, रोजगारी र आयआर्जनमूलक विशेष कार्यक्रम संञ्चालन गरिनेछ।

३. नगरपालिका क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक, दृश्यावलोकनका केन्द्रहरू लगायत महत्वपूर्ण स्थलहरूलाई समेटेर चन्द्रागिरि पर्यटकीय सर्किट घोषणा गरी प्रवर्द्धन गरिनेछ ।

४. नगरपालिकाका सम्भाव्य क्षेत्रमा PPP (सार्वजनिक-निजी साझेदारी) मोडलमा पर्यटकीय पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ ।

५. इतिहास, संस्कृति, पर्यटनलगायत सम्पदाको प्रचारप्रशार गर्न कम्पनीको उद्देश्यमै इतिहास, संस्कृति लगायतको खोजमूलक कार्य गर्ने जनिएको मिडियासँग मिडिया पाट्नरको रुपमा कार्य गरिनेछ ।

६. चन्द्रागिरि नगरपालिकाको समग्र ईतिहास, सांस्कृतिक सम्पदा (मूर्त-अमूर्त सम्पदा) झल्काउने नगरस्तरीय एक म्युजियम स्थापनाको लागि अध्ययन गरिनेछ ।

७. पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक गढीहरूलाई जोड्दै चन्द्रागिरि सर्किट एकीकरण पदमार्ग निर्माण गरी One Day Hiking-One Day Stay लाई प्रवर्द्धन गरिनेछ ।

८. मसिने, झांगाझिटी, किसिपिडी, बलम्वु, बालागाउँ लगायतका स्थानीय परम्परागत बस्तीहरूमा पर्यटन प्रवर्द्धनका लागि होमस्टे (गृह पाहुना) कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

९. संघीय वन ऐनले निर्दिष्ट गरे बमोजिम चन्द्रागिरि नगरपालिकाभित्रको त्रिभुवन पार्क लगायत सबै सहरी हरित क्षेत्रहरूलाई प्रदेश सरकारसमेतको समन्वयमा यसै वर्षदेखि नगरपालिकाले आफै व्यवस्थापन तथा सञ्चालन गर्नेछ ।

१०. चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक गढीहरू जोड्ने गरी साईकल ट्रेल रुट निर्माण गरिनेछ ।

११. नगरपालिकामा छुट्टै पर्यटन शाखाको स्थापना गरिनेछ ।

१२. वडा नं. ४ मा रहेको ऐतिहासिक गुफा उत्खनन गरिनेछ ।

## च. भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा

१. नगरपालिकाभित्र रहेका विभिन्न प्रकृतिका सहकारीहरूलाई सुशासन कायम गर्न र प्रविधिमैत्री बनाउनको लागि गोष्ठी/तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नगरपालिकाको आवश्यकता अनुरुप सहकारी दर्ता/सञ्चालन मूल्याङ्कनको लागि सहकारी नियमावली र मापदण्डहरू तयार गरी लागु गरिनेछ ।

३. नगरपालिकाको आवश्यकता अनुसार उत्पादन र स्वरोजगारको कार्यक्रममा सहकारीहरूलाई संलग्न गराईनेछ ।

४. सहकारीहरूको नियमित रुपमा प्रगति विवरण, लेखापरीक्षण र साधारणसभा समयमा गर्नको लागि अभिप्रेरित गरिनेछ । नियमित कार्यक्रम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डको नीति लिई सर्वसाधारणको बचतलाई सुरक्षित हुने वातावरण तयार गरिनेछ ।

५. उत्पादन, रोजगार तथा व्यवसाय प्रवर्द्धन गर्न सम्बन्धित वित्तीय संस्थाहरूसँगको समन्वयमा नगरपालिकाबाट विशेष व्याज अनुदानको व्यवस्था गरिनेछ ।

६. महिला सदस्यहरू रहेका सहकारीहरूको क्षमता वृद्धि गरी निम्न आय भएका विपन्न, दलित, आदिबासी, जनजाति, उपेक्षित महिला, एकल महिलाहरूको सहकारीमा प्रतिनिधित्व हुने अवसर प्रदान गरिनुको साथै त्यस्ता सहकारीहरूलाई विशेष कार्यक्रम दिइनेछ ।

७. नगरपालिका कार्यालयमा छुट्टै सहकारी शाखाको स्थापना गरिनेछ ।

८. सार्वजनिक, नेपाल सरकार, ऐलानी जग्गाको पहिचान र सिमाङ्कन गरी अभिलेखिकरण गरिने र अव्यवस्थित बसोबासी, भूमिहीन सुकुम्बासी तथा स्वबासी जग्गाहरूको लगत सङ्कलन गरिनेछ ।

९. चन्द्रागिरि नगरपालिकाको भूवर्गीकरणको प्रक्रिया यथासक्य छिटो सम्पन्न गरिनेछ ।

## छ. श्रम, रोजगारी तथा गरिवी निवारण

१. स्थानीय बजारमै रोजगारी उपलब्ध हुने प्लम्बिङ, ईलेक्ट्रिक, ईलेक्ट्रोनिक्स जस्ता तालिम सञ्चालन गरिनेछ ।

२. दलित, आदिबासी, जनजातीहरूको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा रोजगारीका निम्ति अभिप्रेरित गरिनेछ ।

३. महादेवस्थान गुमालचोकी स्कुलमा निर्माण भएको चन्द्रागिरि नगरस्तरीय प्राविधिक शिक्षालयमा CTEVT सँग समन्वय गरी व्यवसायिक तथा सीपमूलक तालिम कक्षाहरू सञ्चालन गरिनेछ ।

४. युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन रोक्न र आयातलाई घटाउन परियोजना प्रस्ताव लिई सहुलियत कर्जा प्रदान गरिनेछ । साथै सोका लागि प्रमाण पत्र (शैक्षिक/अन्य) राखेर ऋण दिन स्वरोजगार कोष स्थापना गरिनेछ । यसलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

५. एक महिला एक सीपको अवधारणा अनुरुप सिकेको सीपमा नै दक्ष बनाउँदै लगिनेछ ।

६. विपन्न तथा लक्षित वर्गलाई नगरपालिकाभित्रै रोजगारीको श्रृजना गरिनेछ ।

७. नगरपालिकाभित्र रहेका जनशक्तिलाई विदेश पलायनबाट रोक्न रोजगारी/सीपमूलक कुटिर उद्योग, घरेलु उद्योग सञ्चालन गरिनेछ ।

८. रोजगारमूलक तथा सीपमूलक तालिमको व्यवस्थापन गरिनेछ ।

९. आफ्नो सीप तथा पुँजी प्रयोग गरी व्यवसाय गर्न ईच्छुक लक्षित वर्गको लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ ।

१०. तालिम प्राप्त व्यक्ति वा समुहले व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट स्वीकृत कार्यविधि अनुसार बीउ पूँजी कार्यक्रम मार्फत अनुदान उपलब्ध गराइनेछ । वित्तीय संस्थासँग समन्वय गरी उद्यमीको ऋणमा व्याज अनुदान दिने नीति लिईनेछ ।

११. नगरभित्र रहेका आदिबासी, जनजाति, दलित तथा सिमान्तकृत समुदायको पैत्रिक पेशा व्यवसायलाई विशेष अनुदानको व्यवस्था गरी आत्मनिर्भर कार्यक्रम अगाडि बढाइने छ ।

१२. नगरभित्रका उद्योग, संघसंस्था, शैक्षिक क्षेत्र लगायतमा नेपाल सरकारले तोकेबमोजिम न्यूनतम पारिश्रमिक लागु भए नभएको अनुगमन गरिनेछ ।

१३. विश्व आर्थिक मन्दीतिर गईरहेको सन्दर्भमा "घरघरमा उत्पादन" लाई प्रोत्साहन गरिनेछ । उत्पादित बस्तुको बिक्री वितरणको लागि बजारीकरण, बिक्रीकेन्द्र तथा शहरी हाटबजार व्यवस्थापन गरिनेछ ।

१४. सीप तालिमदेखि उत्पादन तथा रोजगारसम्म र उद्यमी तालिमदेखि उद्यमशीलतासम्मको नीति अबलम्बन गरिनेछ । साथै उत्पादन,

व्यवसाय लगायतका आयमूलक रोजगारलाई विशेष प्राथमिकता दिईनेछ ।

१५. नगरपालिका क्षेत्रभित्र रहेका शिक्षित जनशक्ति, दक्ष कामदार, अर्ध दक्ष कामदार र बेरोजगारीहरूको विवरण संकलन गरिनेछ ।

१६. श्रम डेस्कको व्यवस्था गरी रोजगारी प्रवर्द्धन गरिनेछ ।

## २. सामाजिक क्षेत्र

### क. स्वास्थ्य तथा पोषण

१. आधारभूत स्वास्थ्य सेवाहरू नगरबासीको मौलिक हकको रुपमा स्थापित गर्न नगरस्तरीय स्वास्थ्य नीति निर्माण गरिनेछ ।

२. नगरभित्र सञ्चालन हुने स्वास्थ्य सेवाको न्युनतम गुणस्तर मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३. एक स्वास्थ्य संस्था एक डाक्टर राख्ने नीति अवलम्वन गरिनेछ ।

४. मुल्यांकनको आधारमा उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई समयसापेक्ष प्रोत्साहन गर्ने नीति लिईने छ ।

६. नगर अस्पताललाई स्तरोन्नति गर्दै विशेषज्ञ सेवा दिने रिफरल सेन्टरको रुपमा विकास गर्दै लगिने छ ।

७. निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थासँग समन्वय गरी नगरपालिकाको सिफारिसमा नागरिकहरूलाई तोकिएअनुसार निःशुल्क तथा सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने ब्यवस्था गरिने छ ।

८. संघीय तथा प्रदेश सरकारको ऐन, नीति, नियम, निर्देशिका र परिपत्र समेतको आधारमा सञ्चालन हुँदै आएको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

९. सुनौलो हजार दिनका गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरूको पोषण सुधार गर्ने र नेपाल सरकारबाट उपलब्ध सम्पूर्ण खोप सेवाहरू सहजरुपमा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

१०. गर्भवती महिला सहायता कार्यक्रम अन्तर्गत फोलिक एसिड, क्याल्सियम चक्की, PNC HOME VISIT, सुत्केरीलाई पोसिलो आहार कार्यक्रमलाई यथावत सञ्चालन गरिने छ ।

११. स्वास्थ्य संस्थाहरूको अभिलेख तथा प्रतिवेदनलाई ईलेक्ट्रोनिक सिस्टम मार्फत व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

१२. जेष्ठ नागरिकलाई सुगर तथा प्रेसरको औषधी खर्च बापत दिईने अनुदानलाई निरन्तरता दिईने छ ।

१३. सबै स्वास्थ्य संस्थामा प्रयोगशाला सेवालाई विस्तार गर्दै गुणस्तरीय सेवालाई निरन्तरता दिईने नीतिलाई अवलम्बन गरिने छ ।

१४. मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी बनाउन एक वडा एक मनोसामाजिक विमर्शकर्ता राख्ने नीति अवलम्बन गरिने छ ।

१५. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै लैजाने नीति अवलम्बन गरिने छ ।

१६. नेपाल सरकारले तोकेको कडा रोगको बिरामीहरूलाई गरिने सिफारिस तथा नगरबाट दिईने विशेष सुविधालाई निरन्तरता दिईने छ ।

१७. नगरभित्र सञ्चालन भईरहेका “ग” वर्गका एम्बुलेन्सहरूलाई “ख” वर्गमा स्तारोन्नति गर्दै एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाई सुत्केरी र अपांगता भएका व्यक्तिहरुलाई निःशुल्क सेवा प्रदान गर्ने नीति लिईने छ ।

१८. स्वास्थ्यमा प्रतिकूल असर पर्ने मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थ, तथा अन्य अखाद्य वस्तुहरूको प्रचार प्रसारमा निषेध तथा बिक्री वितरण गर्ने कार्यको नियमन गरिने छ ।

१९. विद्यालय नर्स कार्यक्रमलाई थप विद्यालयमा विस्तार गर्दै जाने नीति अबलम्बन गरिने छ ।

२०. विभिन्न किसिमका सरुवा तथा नसर्ने रोग नियन्त्रण गर्ने नीति लिईने छ ।

२१. नर्सिङ घरदैलो सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२२. वडा तथा विद्यालयहरूमा स्वास्थ्य शिविर मार्फत स्वास्थ्य सेवाको पहुँच वृद्धि गरिने छ । साथै वडामा रहेको स्वास्थ्य संस्थाबाट अलि टाढा रहेका मसिने, झाँगाझिटी लगायतका स्थानहरुमा स्थानीय नागरिकहरुलाई स्वास्थ्य सेवामा सहजता ल्याउन शहरी स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।

२३. नगरपालिकाभित्रका स्वास्थ्य संस्थाबाट उत्पादित औषधीजन्य फोहोर व्यवस्थापन गर्न थानकोट प्राथमिक अस्पतालमा फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्ने नीति लिईने छ ।

२४. वडा नं. १२ मा रहेको स्वास्थ्य चौकीलाई सोही वडाको नहुदा क्लिनिकमा व्यवस्थापन गरी अस्पतालको रुपमा सञ्चालन तथा ब्यवस्थापन गर्ने नीति लिईने छ ।

२५. पाठेघरको क्यान्सर विरुद्धको खोप वितरणको आवश्यक प्रबन्ध मिलाइनेछ ।

२६. नगर अस्पतालमा डायलासिस सेवा सुरु गरिनेछ ।

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा

१. यस नगरपालिकामा रहेको एक मात्र आयुर्वेद औषधालय (मातातीर्थ आयुर्वेद औषधालय) लाई भौतिक पूर्वाधारको विकास गर्दै यस नगरपालिका वडा नं. ८ मातातीर्थ स्थित प्रस्तावित सामुदायिक अस्पतालमा १५ शैयायुक्त आयुर्वेद अस्पताल तथा नगरस्तरीय स्वास्थ्य प्रवर्द्धन केन्द्रको रुपमा विकास गरिनेछ ।

२. मातातीर्थ आयुर्वेद औषधालयको लागि योगा हल, जडीबुटी उद्यान र Rural Pharmacy को स्थापना गरी स्वास्थ्य पर्यटन प्रबर्द्धन गरिने छ ।

३. नेपालको एकमात्र प्राचीन तथा मौलिक चिकित्सा पद्धति आयुर्वेद, योगध्यान तथा अन्य परम्परागत चिकित्सा पद्धतिको प्रवर्द्धन तथा वैज्ञानिक व्यवस्थापनको लागि हरेक वडामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिनेछ । फिजियोथेरापीको समेत उचित व्यवस्था मिलाइने छ ।

४. नगरपालिकाका नव प्रसुती आमाहरूलाई दुग्धबर्द्धक आयुर्वेद औषधी वितरण गरिने छ ।

५. नगरपालिकाका जेष्ठ नागरिकको लागि रोग प्रतिरोधात्मक क्षमता बढाउन विभिन्न किसिमका जडिबुटीजन्य खाद्य पदार्थ तथा औषधीहरू वितरण गरिने छ ।

६. स्थानीय सामुदायिक वन, समुहगत, तथा निजीस्तरमा जडिबुटी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ । जडिबुटी पहिचान, जडिबुटी खेती, संरक्षण तथा प्रशोधन केन्द्र स्थापनाको कार्य सुरु गरिनेछ । यसरी उत्पादन गरिएका जडिबुटीहरूको खरिद तथा बिक्रीको सुनिश्चितता नगरपालिकाले गर्नेछ ।

७. यस नगरपालिकामा आयुर्वेद, योग तथा ध्यानलाई आधार मानी स्वास्थ्य पर्यटन प्रबर्द्धनार्थ होमस्टे सञ्चालन गर्न चाहने उद्यमीहरूका लागि विशेष प्रोत्साहन गर्ने नीति लिईने छ ।

## ख. शिक्षा, भाषा, कला तथा साहित्य

८. लोककला, लोक साहित्य र इतिहासलाई केन्द्र बिन्दुमा राखी नगरको कार्यक्रम अगाडि बढाइनेछ ।

९. लिपि र भाषाको संरक्षण र जर्गेना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालयमा स्थानीय भाषा अध्यापन प्रारम्भ गरिनेछ ।

१०. साहित्य, कला र संगीत (साकस) प्रतिष्ठान गठन गरी गतिविधि अगाडि बढाईनेछ ।

११. चन्द्रागिरिका साहित्यकारहरूको अभिलेखीकरण गरी उहाँहरूको योगदानलाई जीवन्त राख्ने गतिविधि अघि बढाइनेछ ।

१२. "हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रम" को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

१३. नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय तथा क्याम्पसको गुणस्तरीय शैक्षिक स्तरमा एकरुपता कायम गर्न सहकार्य गरिनेछ ।

१४. सामुदायिक क्याम्पस तथा विद्यालयहरूलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिंदै प्रधानाध्यापक, प्राध्यापक, शिक्षक, व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

१५. 'एक घर एक स्नातक' कार्यक्रमलाई प्रभावकारी बनाउन उच्च शिक्षा छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

१६. सामुदायिक सिकाइ केन्द्र, विशेष शिक्षा र अन्य वैकल्पिक शिक्षण संस्थासमेतको सहकार्यमा वि.सं. २०८५ भित्र सबै चन्द्रागिरि नगरबासीलाई गुणस्तरीय आधारभूत शिक्षा प्रदान गरिने छ ।

१७. बाल विकास केन्द्रका सहजकर्ता, आया, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी आवश्यक थप रकम प्रदान गरिने छ ।

१८. गरीब, जेहेन्दार, दलित, जनजाति, महिला, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान गरी अध्ययनको पहुँच विस्तार गरिने छ । कठिन अवस्थामा रहेका बालबालिकालाई शिक्षाको लागि विशेष सहयोग प्रदान गरिने छ ।

१९. वालविकास कक्षाहरूलाई प्रविधिसहित संघसंस्थाको सहयोगसमेत लिएर सिकाइलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२०. सिकाइमा सूचना र प्रविधिको प्रयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. विद्यालय नक्साङ्कनको आधारमा नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने, विद्यालय गाभ्ने, विद्यार्थी संख्याको अनुपातमा दरबन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिई सामुदायिक तथा संस्थागत विद्यालयहरूको सुपरीवेक्षण, नियमन तथा सहजीकरण गरिनेछ । विद्यालय सञ्चालन मापदण्ड पालनाको अनुगमन गरिनेछ ।

२२. इच्छुक तथा सक्षम विद्यालयहरूमा प्राविधिक व्यवसायिक धार एवं सीपमूलक प्रशिक्षणमा आधारित कक्षा सञ्चालन तथा एक विद्यालय एक उद्यम सञ्चालनको नमुना शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

२३. सामुदायिक विद्यालयमा छात्रछात्रालाई दिवा खाजा, छात्राहरूलाई सेनेटरी प्याड, पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्रीको

निःशुल्क प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२४. 'चन्द्रागिरि नगरको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा' भन्ने नारालाई सार्थक बनाउन नगरका छोरी बुहारीलाई उच्च शिक्षाको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

२५. विद्यालय तथा सिकाई केन्द्रहरूमा महामारीजन्य र नसर्ने कडा रोगबाट बच्ने उपायहरूको सचेतना अभिवृद्धि गरिनेछ ।

२६. सीप र क्षमताको अभिवृद्धि गर्न र परम्परागत सीपलाई पुनःजागरण गर्न तथा शैक्षिक क्षेत्रको गुणस्तरलाई वृद्धि गर्न नगरभित्र सामुदायिक सिकाई/अध्ययन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

२७. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक पुस्तकालय/वाचनालयलाई नगर गौरवको रुपमा सञ्चालनमा ल्याउने नीति लिइनेछ । विद्यालय र समुदायमा रहेका पुस्तकालयलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

२८. शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई सामाजिकीकरण र समुदायप्रति उत्तरदायित्व बहन गराउन विद्यालय स्वयंसेवक कार्यक्रम मार्फत स्काउट र रेडक्रसका सहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२९. समुदाय-प्रहरी साझेदारी कार्यक्रम मार्फत समितिहरु गठन गरी लागुपदार्थ दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम विद्यालयस्तरदेखि नै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। विद्यालयमा बालमनोपरामर्श कार्यक्रम लागु गर्न प्रोत्साहन गरिनेछ ।

३०. शिक्षा, युवा, तथा खेलकुदको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने थप ऐन कानून तथा कार्यविधि तयार गरिनेछ ।

३१. विद्यार्थीको प्रतिभा विकासका लागि नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

३२. सामुदायिक तथा संस्थागत विद्यालयका बालविकास केन्द्र (मन्टेश्वरी) देखि कक्षा ५ सम्मको सिकाइ व्यवस्थापन सबलीकरण गरिनेछ ।

३३. उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी तथा खेलाडीहरूलाई सम्मान गरिनेछ ।

३४. कक्षा ८, ९ र १० का सबै विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रममा जोड्न कुनै व्यवसायिक सीप तालिम उपलब्ध गराइनेछ ।

३५. विद्यार्थीहरूमा जीवनोपयोगी व्यवहारिक सीप सिकाई आत्मनिर्भर बनाउन हरेक विद्यालयको कक्षा ६ भन्दा माथिका विद्यार्थीहरूलाई हप्ताको एक दिन तीन घण्टाको व्यवहारिक सीप कक्षा सञ्चालन गरिने छ ।

३६. शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरू मध्ये माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय तहबाट प्रदान गरिने सेवा-सुविधाहरूको बारेमा सु-सूचित गराउन प्रत्येक वडाका निर्वाचित जनप्रतिनिधिहरू मध्येबाट २ जना (१ महिला, १ पुरुष) र कर्मचारी सहितको टोलीले जानकारी गराउने व्यवस्था गरिनेछ ।

३७. बालमैत्री स्थानीय शासनका लागि बालबचाउ, बाल संरक्षण, बाल विकास, बालसहभागिता र संस्थागत विकासका सूचकहरूलाई दृष्टिगत गरी बालमैत्री पूर्वाधार विकास र निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । बालमैत्री पूर्वाधार पूरा भएका वडाहरूलाई बालमैत्री वडा घोषणा गर्दै लगिनेछ ।

३८. सामुदायिक क्याम्पसहरुको शैक्षिक प्रवर्द्धन तथा QA प्राप्तीमा आवश्यक सहयोग गरिनेछ ।

## ग. खानेपानी तथा सरसफाई

१. दिगो विकासको लक्ष्य अन्तरगत “एक घर एक धारा” को नीति अवलम्वन गरिनेछ ।

२. चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई ऐन जारी गरी लागू गरिने छ ।

३. नगरबासीहरूलाई खानेपानी सेवा वितरण प्रणाली तथा महशुलमा एकरुपता ल्याईनेछ ।

४. सडक निर्माण गर्दा अनिवार्य रुपमा खानेपानी पाइप बिच्छ्याएर मात्र निर्माण गर्ने नीति लिइनेछ ।

५. चन्द्रागिरि नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका सार्वजनिक खोला, इनार, कुवा, पोखरी लगायतका पानीका मुहान, विगतमा अन्य निकायसँग दर्ता भई उपभोक्ता समिति मार्फत सञ्चालनमा रहेका र समुदायमा आधारित सतह वा भूमिगत बोरिङ जस्ता खानेपानीका मुहानको स्वामित्व नगरपालिका मातहतमा ल्याइनेछ । यस अघि खानेपानी प्रणालीसँग आबद्ध व्यक्तित्वहरूलाई नगरपालिकाले गठन गर्ने समिति कार्यदलमा उपयुक्त स्थान दिइनेछ । साथै नगरपालिका मातहत आउनु अघि खानेपानी प्रणालीसँग आबद्ध कर्मचारीलाई कार्यदक्षता र क्षमताका आधारमा नगरपालिकाले काममा लगाउन सक्नेछ ।

६. आकाशे पानी संकलन, वाटर रिचार्ज र पुनः प्रयोग गर्ने कार्यक्रमलाई अगाडि बढाईनेछ ।

७. खानेपानीको कारोबार गर्ने निजी व्यवसायलाई नवीकरण गर्दा अनिवार्य वडाको सिफारिसका आधारमा गरिनेछ ।

८. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुङ्गेधारा, इनार कुवा, पोखरी तथा मुहानहरूलाई संरक्षण गरिनेछ र सांस्कृतिक बस्तीभित्रका यस्ता सम्पदालाई कलात्मक स्वरुपमा बनाइने छ ।

९. डिप बोरिङबाट वातावरण सन्तुलनमा प्रभाव पर्ने भएकोले निजी तथा व्यवसायिक डिप बोरिङलाई निरुत्साहित गरिनेछ ।

१०. मेलम्ची खानेपानी आयोजनालाई नगरपालिकाभित्र विस्तार गर्न पहल गरिनेछ ।

११. नगरबासीलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउन खानेपानीसँग सम्बद्ध संस्थाहरूसँग साझेदारी गरी खानेपानी परीक्षण प्रयोगशाला स्थापना गरिनेछ। गुणस्तरीय पानीको वितरण भए नभएको सम्बन्धमा नगरपालिकाबाट अनुगमन गरिनेछ साथै गुणस्तरीयता कायम गर्न आवश्यक खानेपानी सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. मानव मलमुत्रसहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन, प्रशोधन र स्थानान्तरण गर्ने कार्यलाई नगरपालिकाले प्राथमिकता राख्नेछ ।

१३. घर वा कुनै निकायबाट ढल निकास गर्दा अनिवार्य रुपमा प्रशोधन गरी वा सोकपिट बनाएर मात्र निकास गर्नुपर्ने छ । सोकपिट बनाएर मात्र ढल प्रयोग गर्नु पर्ने व्यवस्थालाई उलंघन गरी सिधै ढलमा पानी मिसाएमा ढल बन्द गरी कानुन बमोजिमको कारवाही गरिनेछ ।

१४. हरेक घरमा भूमिगत पानी रिचार्ज जोन निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. नगरपालिकाभित्र रहेको राष्ट्रिय गौरवको आयोजना सुरुङमार्ग भित्रको पानीको मुख्य स्रोतलाई लिफ्ट गरी दीर्घकालीनरुपमा नगरपालिका क्षेत्रमा खानेपानीको व्यवस्थापन गरिने छ ।

१६. व्यक्तिगत हकभोगभित्र रहेका प्राकृतिक खानेपानीका मूलहरूको संरक्षण र सम्बर्द्धनका लागि सम्बन्धित जग्गाधनीसँग आवश्यक समन्वय गरिने छ ।

१७. वडा नं. १३ मा राष्ट्रिय योजना आयोगबाट स्वीकृत भई बजेट विनियोजन भएको डौडाली खोलामा बग्ने पानी र बर्सातको पानी समेतलाई ट्यांकी निर्माण संकलन गर्न बहुवर्षीय योजनाको रुपमा अगाडि बढाइनेछ ।

१८. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुङ्गेधारा, इनार तथा मुहानहरूलाई संरक्षण गर्दै खेरगइरहेको पानीलाई रिजर्ब गर्ने व्यवस्था गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१९. परम्परागत पानीको मुहानलाई असर पर्नेगरी १०० मिटरभित्र इनार कुवा डिपबोरिङ जस्ता संरचना निर्माण गर्न निषेध गरिनेछ।

२०. ADB को खानेपानी आयोजनाको सर्वेक्षण र कार्यान्वयन अगाडि बढाइनेछ ।

## घ. संस्कृति

१. भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक धरोहरहरूको पुनःनिर्माण तथा मर्मतका लागि सम्बद्ध निकायमा समन्वय गरी सहकार्य गरिनेछ।

२. नगरस्तरीय पर्वजात्रा सञ्चालन समिति मार्फत वडाहरूमा ऐतिहासिक रुपमा नियमित स्थानीय निकायको सहयोगमा सञ्चालन भइरहेका परम्परागत तथा लोपोन्मुख जात्रापर्व सूचीकृत गरी जात्रापर्व सञ्चालनको लागि उपलब्ध गराउँदै आएको पर्व सञ्चालन खर्चलाई निरन्तरता दिइनेछ ।

३. मठ, मन्दिर, गुम्बा, चर्च, पाटीपौवा, भजन मण्डल, गुठी आदिको जग्गा अभिलेखीकरण गरी ऐतिहासिक तथा सांस्कृतिक प्रोफाईल तयार गरी प्रचारप्रसार गरिनेछ। साथै गुठी जग्गाहरुको पहिचान गरी संरक्षण तथा व्यवस्थित गरिनेछ।

४. नगरपालिका क्षेत्रभित्र रहेका पौराणिक महत्व बोकेका विभिन्न मठ मन्दिरहरूमा नित्यपूजा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। सातगाउँले जात्रा, मत्स्यनारायण मेला, मातातीर्थ मेला, इन्द्रदह मेला लगायतका महत्वपूर्ण मेलाहरु तथा मेला स्थलहरुको व्यवस्थापन र निरन्तरताका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. विभिन्न विकास निर्माणको काम गर्दा ऐतिहासिक तथा सांस्कृतिक स्थान वा सो नजिक पर्न गएमा आवश्यक परामर्शद्वारा निर्माण कार्य गरिनेछ। सो कार्यका लागि परामर्शदाता (ईतिहास विद्/संस्कृतिविद्) राख्ने नीति लिइनेछ।

६. इतिहास तथा सांस्कृतिक वैभव झल्काउन प्रचारात्मक कार्यक्रम अन्तर्गत नगर सम्पदा कार्यक्रम तय गरी (प्राचीन शिलालेख, मूर्ति, मुद्रा, हस्तीमार्ग, पोखरी, इनार, कुवा, हिटी, ठ्यासफु लगायत मूर्त अमूर्त सम्पदा) विविध सम्मेलन कार्यक्रम आयोजना गरिनेछ। ती सम्पदाहरूको संरक्षणमा विशेष ध्यान दिईनेछ।

७. सम्पदा क्षेत्र कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन कार्यविधि तयार गरी निर्माणमा प्याकेजमा सहयोग गरिनेछ।

८. नगरस्तरीय सांस्कृतिक संग्रहालयको स्थापना गरिनेछ।

९. मठ मन्दिर तथा ऐतिहासिक महत्व बोकेका धरोहरहरू सूचीकृत गरी संरक्षण तथा प्रवर्द्धनको लागि गुरुयोजना तयार पारिनेछ। किसिपिडी र बलम्बु क्षेत्र संरक्षणको लागि तयार भैसकेको गुरुयोजना कार्यान्वयन गरिनेछ।

१०. परम्परागत शैलीका झिंगटीघर लगायतका वस्तीहरुको संरक्षण र प्रवर्द्धन गर्न विशेष व्यवस्था गरिने छ ।

११. ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय कार्य गर्न विभिन्न वैदेशिक राष्ट्रहरूका नगरसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

१२. हिटी कुवा, फल्चा, मन्दिरलगायत ऐतिहासिक तथा पुरातात्विक संरचना पुनःनिर्माण र मर्मत सम्भार गर्दा पुरातात्विक विधि र शैलीमा गरिनेछ ।

१३. १०० गन्तव्य मध्येको चन्द्रागिरि र पूर्वाधार विकासको दहचोक ईन्द्रदह क्षेत्रको पर्यटन विकासलाई प्रवर्द्धन गरिनेछ ।

१४. विन्ध्यबासिनी आध्यात्मिक क्षेत्रलाई सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१५. जात्रा खर्च भुक्तानीको लागि कार्यविधि बनाई भुक्तानीलाई सहज बनाइनेछ ।

## ङ. महिला बालबालिका तथा सामाजिक समावेशीकरण

### महिला

१. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।

२. महिलाहरूको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट गरिनेछ । महिला सामुहिक व्यवसाय दर्ता दस्तुर छुटको व्यवस्था गरिनेछ । साथै महिलाहरूको नाममा घर नक्सा दर्तामा पचास प्रतिशत छुट दिइनेछ ।

३. महिलाहरूको विकासको निम्ति आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरूमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ । प्रत्यक्ष

रुपमा महिला सहभागिताको बृद्धि गरी आयआर्जनमा आवद्ध गरी गरिबी निवारण, जीविकोपार्जनमा सुधार महिला लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरका प्रत्येक कार्यपद्धतिमा महिला हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

५. एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारीमूलक तालिम तथा अनुदानलाई विशेष जोड दिइनेछ ।

६. लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरणको माध्यमबाट महिलामाथि हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमी गराई महिलाहरूको सीप विकास, अधिकारमा सचेतनावृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ । नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित नेतृत्वमा जोड दिइने छ । सो कार्यका लागि मनोसामाजिक परामर्श पद्धतिको प्रयोग गरिनेछ ।

७. महिला हिंसा विरुद्धमा सचेतना अभिवृद्धि गरी दलित, अल्पसंख्यक, पछाडि परेका आदिबासी, जनजाति महिलालाई विकासका मूलप्रवाहमा सहभागिता वृद्धि गराइनेछ । लैंगिक हिंसा पीडितहरूको सहायताको लागि कोष स्थापना गरिनेछ । लैंगिक हिंसामा परेका महिलालाई सामाजिकीकरण तथा पुनर्स्थापनामा सहयोग गरी सम्मानपूर्वक जीवनयापनका लागि सुरक्षित घरको व्यवस्था गरिनेछ ।

८. सबै वडा कार्यालय र नगर कार्यपालिका कार्यालयमा स्तनपान कक्ष स्थापना गरिनेछ ।

९. सामाजिक संघ संस्था, टोल सुघार समिति, टोल विकास संस्थालाई परिचालन गरी घरेलु हिंसा अन्त्यका लागि बहस,

पैरवी तथा चेतनामूलक अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. लैंगिक उत्तरदायी बजेट परीक्षणका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

११. यस नगरपालिकाबाट गठन हुने समिति, उपसमिति, कार्यदल गठन गर्दा पूर्णरुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेशिता कायम गरिनेछ ।

१२. महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन गरिने छ ।

१३. महिला तथा किशोरी माथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्ने । समाजमा रहेका बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, एसिड आक्रमण तथा छुवाछुत तथा परम्परागत हानीकारक अभ्यासलाई अन्त्य गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१४. हिंसा पीडित व्यक्तिहरूको लागि कानुनी सहायता तथा अल्पकालीन सेवा केन्द्रको स्थापना गरिनेछ ।

१५. मानव बेचविखन तथा ओसार प्रसारको जोखिममा रहेका समुदायको पहिचान गरी आर्थिक तथा समाजिक क्षेत्रमा सशक्तीकरण गरिने छ।

१६. नेपाल सरकार तथा नगरपालिकाबाट उपलब्ध गराईने विभिन्न किसिमका सेवा सुविधाहरू उपलब्ध गराउन तथा क्षमता अभिवृद्धि गराउनका लागि निर्वाचित जनप्रतिनिधिहरू मध्येबाट एक समिति बनाई एकद्वार प्रणालीबाट सेवा सुविधा उपलब्ध गराइनेछ ।

**बालबालिका**

१. बालबालिकाको क्षमता विकासका लागि नगरस्तरीय बालअधिकार समितिसँग समन्वय गरी बाल क्लव, वडा बाल संरक्षण समिति,

नगर बाल संरक्षण समिति र नगरस्तरीय बाल संजाल तयार गरिनेछ ।

२. नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनीतिक योजना अनुसार साझेदार संस्थाहरूको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बालश्रम निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाई, बालश्रममुक्त स्थानीय तह घोषणा गरिने छ ।

४. बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइनेछ । बाल भेला मार्फत आएका बालबालिकाको सवालहरूलाई सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

५. बालबालिका शान्ति क्षेत्र भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरूको बालापनको संरक्षण गर्न बालविकास केन्द्रहरूको स्थापना गर्नुका साथै उनीहरूभित्र रहेको सीप कला र प्रतिभाहरूको विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. बालबालिकाहरूलाई नैतिक मूल्य मान्यतामा रहन नगरको निर्दिष्ट लक्ष्य हासिल गर्न बालबालिका केन्द्रित कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

६. नवजात शिशुसँग पहिलो भेट कार्यक्रम सञ्चालन गरिनेछ ।

७. टोल विकास संस्थालाई परिचालन गरी बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. हिंसा पीडित, बौद्धिक एवं नेपाल सरकारको मापदण्डमा परेका अपाङ्गता भएका बालबालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरी बौद्धिक अपाङ्गमैत्री व्यवस्थापन गरिनेछ ।

९. अनाथ, अपांगता भएका व्यक्ति, अशक्त, असहाय, टुहुरा, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण पुनःस्थापनाको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. बाल समूहको गठन एवं सञ्चालन कार्यविधि बनाई बाल क्लबको क्षमता अभिवृद्धि गरिने छ ।

११. नगरपालिकामा दिवा शिशु स्याहार केन्द्र स्थापना गरिने छ ।

१२. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिने छ । घटना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई सुधार गृह, बाल गृह र अन्य सेवा प्रदायक निकायहरू समन्वय, सहकार्य, नियमन गरी बाल अधिकारलाई सुनिश्चित गर्न कार्यक्रमहरू सञ्चालन गरिने छ । आवश्यकता अनुसार स्थानीय, प्रदेश तथा संघीय सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

१३. नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरू बालमैत्री बनाउन विशेष जोड दिइनेछ ।

१४. चन्द्रागिरि नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्न विशेष प्राथमिकता दिइनेछ ।

१५. नगरपालिकाभित्र सार्वजनिक कार्यालयहरूमा स्तनपान कक्ष स्थापना गर्ने ।

१६. नवजात शिशुहरूको जन्म दर्ताको अधिकार सुनिश्चितता एवं वृद्धावस्थाको आर्थिक सामाजिक सुरक्षाको प्रत्याभूत गर्ने उद्देश्यसहित हरेक शिशुको नाममा योगदानमा आधारित छुट्टै कोष स्थापना हुनेगरी रु. ५०००/- अनुदान दिइनेछ ।

**अपांगता**

१. नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरू अपांगतामैत्री बनाउन विशेष जोड दिइनेछ ।

२. सार्वजनिक सेवामा अपांगता भएका व्यक्तिको पहुँचमा वृद्धि गरिनेछ ।

३. अपांगता भएका व्यक्तिका अभिभावकलाई मनोसामाजिक परामर्श तथा सीपमूलक तालिम र रोजगारमूलक कार्यक्रम दिलाईनेछ ।

४. अपांगता भएका व्यक्तिहरूलाई अभिमुखीकरण सहज वातावरण र सीप उपयोगको माध्यमबाट समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सृजना गरिनेछ ।

५. अपांगता, अशक्त, असहाय सीमान्तकृत समुदायको स्तरोन्नति र विकासको लागि उचित व्यवस्था गरिनेछ ।

६. अपांगताहरूप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारी मार्फत उनीहरूलाई अन्य नागरिकहरू सरह सक्षम बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. अपांगता भएका व्यक्तिले सञ्चालन गरेको व्यवसाय दर्ता निःशुल्क गरिनेछ ।

८. सबै प्रकारका अपांगता भएका व्यक्तिहरूलाई शिक्षाको पहुँच पुऱ्याउने उद्धेश्यले नगरपालिकास्तरीय सम्पूर्ण सुविधा सम्पन्न अपांगता विद्यालय स्थापना गर्ने नीति लिइनेछ ।

९. नगरपालिकाबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरूमा अपांगता भएका व्यक्तिहरूलाई सहज पहुँच पुऱ्याउने उद्देश्यले साङ्केतिक भाषा सिकेको एक जना दोभाषे सहित सहायता कक्षको स्थापना गरी सञ्चालन गरिनेछ ।

१०. अपांगतामैत्री सूचना प्रवाह गर्ने उद्देश्यले विभिन्न प्रकारका अपांगतामैत्री सूचना निर्माण र प्रचार प्रसार गरिनेछ ।

११. अपांगता भएका व्यक्तिहरूलाई देश दर्शन गराउने नीति लिइने छ ।

१२. नगरस्तरिय अपांगता ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

१३. अपांगताको परिभाषाभित्र नपरेका अटिजम भएका बालबालिकाहरूको संरक्षण/सम्बर्द्धन साथै शैक्षिक विकासका लागि नगरपालिकाले अटिजम सम्बन्धी कार्य गर्ने संस्थासँग आवश्यक समन्वय गरी चन्द्रागिरि नगरपालिका अटिजम केयर सेन्टर स्थापना प्रकृया अघि बढाइनेछ ।

१४. अपांगता भएका व्यक्तिहरुको लागि आवश्यक सहायक सामग्री व्यवस्थाका लागि पहल गरिनेछ ।

**जेष्ठ नागरिक**

१. जेष्ठ नागरिकलाई आफ्नो घरमा सुरक्षित रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. जेष्ठ नागरिकहरूको लागि हरेक वडामा दिवासेवा केन्द्र स्थापना गरी सीप हस्तान्तरण, देशदर्शन, सम्मान, नयाँ पुस्तामा ज्ञान सीप हस्तान्तरण र अनुभव ग्रहण एवम् कोशेली कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. यातायात कम्पनीहरूको सहकार्यमा जेष्ठ नागरिकहरूको लागि अधिकतम विशेष सहुलियत दरमा यातायात सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

४. जेष्ठ नागरिक विश्रामस्थल निर्माण गरिनेछ ।

५. सबै वडामा जेष्ठ नागरिक र अपाङ्ग मैत्री पार्क निर्माण तथा मनोरन्जनात्मक व्यवस्था गरिनेछ ।

६. जेष्ठनागरिकहरूको अधिकार संरक्षण गर्ने नीति लिईनेछ ।

७. जेष्ठ नागरिक मैत्री भवन पूर्वाधारहरू निर्माण गरिने छ ।

८. जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवामा थप सहुलियत दिइनेछ ।

**दलित तथा सामाजिक समावेशीकरण**

१. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरू न्यूनीकरणका लागि नीति तथा कानुन निर्माण गरी टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

२. दलित, लक्षित तथा विपन्न समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

३. उत्पीडित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

४. जातीय भेदभाव तथा सामाजिक कुरीती, अन्धविश्वास हटाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. दलित तथा विपन्न समुदायलाई प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।

६. दलित तथा विपन्न घरवारविहीन नगरबासीलाई नगर आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नगरभित्र रहेको सामाजिक संघसंस्थालाई सूचीकृत गरी विविध कार्यक्रममा परिचालन गराइनेछ ।

८. मादकपदार्थ दुर्व्यसनीमा परेकाहरूलाई सुधार गर्न सामुदायिकरुपमा सञ्चालन भएका पुनर्स्थापना केन्द्रलाई अनुदान तथा सहयोग गरिने छ। त्यस्ता केन्द्रमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरिनेछ।

९. दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सशक्तीकरणका आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

१०. दलित समुदायको हक अधिकारको सुनिश्चित गरी क्षमता अभिवृद्धि गर्ने।

११. जातीय छुवाछुत सम्बन्धी घटनाहरूको तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन गर्ने।

१२. नगरपालिकाभित्र रहेका कार्यालयहरूमा पदपूर्ति लगायत अन्य क्रियाकलापमा समानुपातिक आधारमा समावेशीकरणको आधारमा सहभागिता गरिने छ।

१३. लैंगिक अल्पसंख्यकको लागि अधिकारमुखी सचेतना वृद्धि र क्षमता अभिवृद्धिका साथै आयआर्जन कार्यक्रम र आर्थिक सशक्तीकरण गर्ने नीति लिई कार्यक्रम सञ्चालन गरिने छ।

१४. बिसे नगर्ची पार्कलाई संग्रहालयको रुपमा विकास गरिने छ।

१५. चन्द्रागिरि नगरपालिकालाई सडक मानव मुक्त बनाउने नीति अवलम्बन गरिने छ।

**संघसंस्था**

१. गैरनाफामूलक संघसंस्था दर्ता र नवीकरण प्रक्रियालाई निरन्तरता दिइनेछ र सामाजिक संघसंस्थाको क्षमता अभिवृद्धि, सहकार्य, समन्वयलाई जोड दिइने छ।

२. स्थानीय तहको आवश्यकता अनुसार गैर सरकारी संघ संस्थासँग सहकार्य गरी जवाफदेहिता र पारदर्शिता कायम गर्न निरन्तर नियमन गरिने छ ।

## च. युवा, खेलकूद तथा नवप्रवर्तन

### खेलकुद

१. चन्द्रागिरि नगरपालिकाभित्र खेलकूद विकासका निम्ति व्यवस्थितरुपमा खेल मैदान तथा संरचनाको विकास गरिनेछ ।

२. चन्द्रागिरि नगरपालिकामा वार्षिक रुपमा राष्ट्रिय, प्रादेशिक र नगर स्तरीय खेलकुद प्रतियोगिता, महोत्सवको आयोजना गरिनेछ । साथै, अपांगता खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

३. यस नगरपालिकाभित्र रहेको मदन भण्डारी खेल मैदानलाई अन्तर्राष्ट्रिय खेल मैदानको रुपमा विकास गर्दै नैकाप, मातातीर्थ, थानकोट, बनदेवी, दहचोक, पैयुँपाटा, भकुण्डेचौर, पिमफली चौर, मुखियाचौर, पाखाचौर लगायत अन्य खेल मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गरिनेछ ।

४. खेलकुदको विकासको लागि बनेको खेलकुदसम्बधी ऐनलाई प्रभावकारी कार्यान्वयनमा लगिने छ ।

५. चन्द्रागिरि नगरलाई खेलकुद नगरीका रुपमा विकास गर्न विभिन्न खेलकुद आयोजना गरिनेछ । त्यस्तो आयोजनामा महिला सहभागितामा विशेष ध्यान पुर्‍याईनेछ ।

६. विभिन्न खेलकुदका लागि नगरबाट खेलाडी उत्पादन गर्न विशेष प्रकृया चालिनेछ ।

७. राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका स्थानीय खेलाडीहरूलाई सम्मान तथा प्रोत्साहन गरिने छ ।

## युवा तथा नवप्रवर्तन

१. युवाको सर्वाङ्गीण विकास र परिचालन गर्न नगरस्तरीय युवा समिति र टोल तथा वडास्तरमा युवा क्लव गठन गरिनेछ ।

२. समाज र राष्ट्रिय महत्वका अभियानमा युवा परिचालन गर्न जोड दिइनेछ ।

३. महादेवस्थान गुमालचोकी स्कुलमा निर्माण भएको चन्द्रागिरि नगरस्तरीय प्राविधिक शिक्षालयमा CTEVT सँग समन्वय गरी व्यवसायिक तथा सीपमूलक तालिम कक्षाहरू सञ्चालन गरिनेछ।

४. युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन रोक्न र आयातलाई घटाउन परियोजना प्रस्ताव लिई सहुलियत कर्जा प्रदान गरिनेछ । साथै सोका लागि प्रमाण पत्र (शैक्षिक/अन्य) राखेर ऋण दिन स्वरोजगार कोष स्थापना गरिनेछ । यसलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

५. युवाको नवीन विचारको खोजी गरी (Start Up Program) अन्वेषण र उद्यम (नवप्रवर्तन)मा जोड्न प्रोत्साहन गरिने छ ।

६. किशोर किशोरीहरूको क्षमता अभिवृद्धिको लागि जीवन उपयोगी कार्यक्रम सञ्चालन गरिने छ ।

७. विकासमा युवा सहभागिता नीति अनुरुप मुलप्रवाहबाट बहिष्करणमा परेका किशोरीहरूलाई सीप विकासमा जोड दिन नगरस्तरीय तथा वडा स्तरीय समिति बनाई कार्य गरिने छ ।

## छ. सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. आ.व.२०८०/०८१ देखि चन्द्रागिरि नगरपालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता विद्युतीय प्रणाली Electronic Funds Transfer (EFT) मार्फत लाभग्राहीको खातामा सिधै रकम पठाइनेछ ।

२. सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं भन्ने अभियान सफल बनाउनका लागि सबै वडामा घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।

३. वित्तीय संस्थासँगको समन्वयमा वित्तीय संस्थासम्म पुगि सेवा लिन नसक्ने लाभग्राहीको हातसम्म सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## ३. पूर्वाधार क्षेत्र

### क. भवन, आवास तथा बस्ती विकास

१. शहरीकरणलाई व्यवस्थित गर्न निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी लागू गरिनेछ ।

२. खोला, सार्वजनिक प्रति जग्गा राजकुलोको पहिचान र अभिलेख गरी मापदण्डअनुसार कायम गराइनेछ ।

३. नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम र केवल संचालकहरूसँग समन्वय गरी विद्युत प्रसारण लाईन र अन्य अव्यवस्थित तार हरूलाई व्यवस्थित गर्न लगाईनेछ ।

४. अव्यवस्थित जग्गा खण्डीकरणलाई निषेध गरी व्यवस्थित बस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम (Land Pooling) सञ्चालनको लागि अध्ययन गरिनेछ । वल्खु कोरिडोर दायाँवायाँ ल्याण्ड पुलिङ गरी वैकल्पिक कोरिडोर सडक निर्माणको लागि अन्य निकायसंग समन्वय गरी अगाडि बढाईने छ ।

५. प्रस्तावित सम्पदा बस्तीहरूलाई अर्वान भिलेजको रुपमा संरक्षण गर्ने नीति लिइनेछ ।

६. वातावरणमैत्री ढल व्यवस्थापनको लागि निश्चित सम्पदा बस्तीमा ढल प्रशोधनको नमूना कार्यक्रम लागू गरिनेछ भने नगरको ट्रङ्क

सिवर लाइन तथा यसको प्रशोधन गरी बल्खु खोलामा सफा पानी बगाउने प्रयास गरिनेछ । यस प्रयोजनको लागि शहरी विकास मन्त्रालय, एकीकृत बागमती सभ्यता आयोजना तथा छिमेकी नगरपालिकाहरूसँग सहकार्य गरिनेछ । ढलहरू सोझै खोलामा मिसाउँदा हुने प्रदूषण रोक्नका लागि समुदायस्तरमै Constructed Wet-Land निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । सेफ्टी ट्याङ्कीबाट सिधै ढलमा फोहोर मिसाउने घरपरिवारलाई न.पा./वडाबाट प्राप्त हुने सेवा बन्द गरी दण्ड जरिवाना गरी सेफ्टी ट्याङ्कीको निष्काशन बन्द गरिनेछ ।

७. नगरपालिका क्षेत्रलाई आन्तरिक जोनिङ गरी प्रतिफलमा आधारित करको मान्यता अनुसार फरक जोनमा फरक फरक नक्सा पास दस्तुर तोक्ने नीति लिइनेछ ।

८. नगरभित्र भएका चोकहरूको पहिचान र संरक्षण, कलात्मक पहिचान झल्कने गरी निर्माण गरिनेछ ।

९. बस्तीहरूलाई प्राचीन नामले नै चिनिने गरी नाम राखिनु पर्नेछ । वडाको अनुमतिबिना जथाभावी नामकरण गर्न नपाइने नीति अवलम्बन गरिनेछ । साथै नयाँ राखिएका नामहरू तत्काल नगर यातायात गुरुयोजना मार्फत पुनरावलोकन गरिनेछ ।

१०. नगरस्तरीय नयाँ नापी गराई सहजरुपमा हालसाबिक कार्यलाई बाँकी वडाहरूमा समेत विस्तार गर्न पहलकदमी लिइनेछ ।

११. नगरपालिकाभित्रका हरेक टोल, बस्ती, सार्वजनिक स्थान र सडकहरूमा उज्यालो चन्द्रागिरि कार्यक्रम अन्तर्गत सडक बत्ती व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. पार्क, अस्पताल जस्ता निर्माणाधीन मझौला संरचनाहरूलाई सम्पन्न हुने गरी बजेट व्यवस्था गरिनेछ । आगामी २ वर्षभित्र

चन्द्रागिरि नगरपालिकाका हरेक टोल बस्तीलाई खानेपानी, सडक र सरसफाईसहितका आधुनिक, भौतिक पूर्वाधारयुक्त बस्नयोग्य बस्ती विकास गर्ने नीति लिईनेछ ।

१३. पुरातात्विक स्वागतद्वारको पुन:निर्माण बाहेक अन्य स्वागतद्वार निर्माणमा नगरपालिकाबाट बजेट विनियोजन गरिने छैन । यदि कुनै स्थानमा टोलबस्तीबाट आफ्नै लगानीमा निर्माण गर्न चाहेमा सडकको मापदण्ड (ROW) छोडी नगरपालिकाको स्वीकृती लिएर मात्र निर्माण गर्न दिईनेछ ।

१४. चन्द्रागिरि नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक सामुदायिक खानेपानी ट्यांकी, क्लब विद्यालय आदि भवनहरू निर्माण गर्दा समेत नगरपालिकाको सडक मापदण्ड अनुसार निर्माण गरिनेछ ।

१५. सडक तथा बाटो छेउमा रहेका भवनबाट वर्षायामको पानी तथा ढल व्यवस्थित नगरी सिधै सडक तथा पेटीमा कौशी तथा छतबाट झार्ने र निकास खुल्ला राखी बगाउने प्रवृत्तिलाई दण्डसहित निषेध तथा वडा न.पा.बाट प्रदान हुने सेवा सुविधा रोक्का गरिनेछ । प्रत्येक घरबाट निस्कने पानीलाई जमिनमुनि प्रवेश गराई जमिन रिचार्ज गराउन आवश्यक प्रबन्ध गरिनेछ ।

१६. सार्वजनिक सडकमा गरिने पार्किङ्ग एवम् मुख्य राजमार्ग, सहायक मार्ग लगायतका सडक पेटी किनारा अतिक्रमण गरी सञ्चालनमा रहेका गाडी मर्मत केन्द्र (वर्कसप) तथा अन्य अव्यवस्थित व्यवसायहरूलाई निषेधित गर्दै सार्वजनिक स्थलहरूमा अव्यवस्थित रुपमा निर्माण सामग्री थुपार्ने, सवारी साधन पार्किङ गर्ने, पसल कवल बाहिर सडक पेटीमा सामग्रीहरू राख्ने कार्यलाई दण्ड जरिवाना सहित पूर्णत: निषेध गरिनेछ । साथै घर छिर्ने र्‍याम्प आफ्नै साँध सिमानाबाट सुरु गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

१७. नगरस्तरीय सम्मेलन केन्द्र (सिटी हल) निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।

१८. चन्द्रागिरि नगरपालिका प्रवेश गर्ने राजमार्ग लगायत मुख्य मार्गहरुको सिमानामा प्रवेशद्वारको व्यवस्था गरिनेछ ।

१९. प्रत्येक बहुतले आवासीय, व्यवसायिक, उद्योग, सामुदायिक घरहरू तथा निजी घरहरुमा समेत नक्शा पास गर्दा Fire Extinguisher को व्यवस्था अनिवार्य हुनपर्ने नीति लिइनेछ ।

२०. नगर भित्र रहेका सम्पदा बस्ती तथा पौराणिक आवास संस्थाहरूलाई सम्बन्धित वडाबाट नियन्त्रण तथा नियमन गर्ने गरी आवश्यक कार्यविधि तयार गर्न लगाई होमस्टे अवधारणा अघि बढाइने छ ।

२१. नगरपालिकाको सिमानामा रहेको स्वीजरल्याण्ड पार्क लगायतका अन्य सबै सीमा क्षेत्रहरुलाई सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गरी व्यवस्थित गरिने छ ।

२२. ROW मा पर्खाल लगाउन निषेध गरिनेछ ।

## ख. सडक, पुल तथा यातायात

१. नगरपालिकाको सडक मापदण्ड अनुसार चौडा हुने सडक स्तरोन्नतिको लागि नगरपालिकाबाट बजेट विनियोजन तथा योजना छनौट गर्दा पहिलो प्राथमिकता दिईनेछ ।

२. नगरपालिकाले मापदण्डअनुसार नयाँ बाटो खोल्ने तथा भएका बाटाहरूलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नति गर्ने कार्यमा विशेष प्राथमिकताका साथ कार्य गरिनेछ। मर्मतसम्भारको लागि QRT (Quick Response Team)/पूर्वाधार एम्बुलेन्स परिचालन गरिनेछ । सोको लागि छुट्टै शाखाको व्यवस्थापन गरिनेछ ।

३. राजमार्गको मुख्य-मुख्य चोकहरूमा ट्राफिक लाइट, जेब्रा क्रसिङ, रोड मार्किङ, आकाशे पुल निर्माणको लागि पहल गरी नगरपालिकाको मापदण्डभित्रका सबै सडकलाई क्रमशः स्तरोन्नति गरिनेछ । साथै सडक दुर्घटना न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

४. सार्वजनिक सडकमा पार्किङ निषेध गरिनेछ तर मुख्य बजार क्षेत्रमा निःशुल्क, सःशुल्क पार्किङको व्यवस्था गरिनेछ । साथै ट्राफिक व्यवस्थापन समेत गरिनेछ ।

५. परम्परागत रुपमा चलन चल्तीमा रहेका साबिक बाटो र ढल निकास यथावत रुपमा कायम गरी त्यस किसिमका बाटो र ढल निकास बन्द गर्न नपाउने नीति अवलम्बन गरिनेछ ।

६. कलंकी नागढुंगा लगायत मुख्य सडक तथा सहायक सडकको सौन्दर्यता कायम गर्दै नगरबाट सडक सरसफाई, बोटबिरुवा, हरियाली, रंगरोगनका साथै अव्यवस्थित तार, पोलहरूको समेत व्यवस्थापन गरी सडक हेरचाहको लागि सडक सफाई मजदूरको व्यवस्था गरिनेछ ।

७. स्वच्छ सफा वातावरणमैत्री सडक निर्माण तथा सम्भार गर्ने उद्देश्यसहित सडक किनारा हरियाली प्रवर्द्धन कार्यलाई अगाडि बढाइनेछ ।

८. सुरक्षित बालवालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री सडकको लागि मूल राजमार्गमा फुटपाथ आवागमन खुल्ला गरिनेछ । ६ मिटरभन्दा बढी चौडा भित्री सडकहरूमा पनि आवश्यकता अनुसार फुटपाथ निर्माण तथा ट्राफिक सिग्नलको प्रबन्ध गरिनेछ।

९. एकीकृत बाग्मती सभ्यता आयोजनाको सहयोगमा बल्खु करिडोर सडक निर्माण कार्य दुई चरणमा बाडभञ्ज्याङसम्म गर्न

नगरपालिकाद्वारा सहजीकरण गर्दै शहरी विकास मन्त्रालयमा पहल गरिनेछ ।

१०. राष्ट्रियस्तरका सडकमार्गहरू थानकोट-नागढुंगा-सिस्नेखोला (नेपालको पहिलो सुरुङमार्ग), कलंकी-नागढुंगा त्रिभुवन राजमार्ग, थानकोट-चित्लाङ-हेटौंडा-गणेशमान सिंह मार्ग, प्रदेश तथा क्षेत्रीयस्तर सडक मार्गहरू, बल्खु खोला करिडोर, सतुंगल सिसन्डोल-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, दुरसंचार किसिपिडी-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, सतुंगल जरुचा-मुलखुशी-तीनथाना-कीर्तिपुर मार्ग, त्रिभुवन राजपथ जोड्ने बाडभञ्ज्याङ-मनकामना-मसिने-सातघुम्ती मार्ग, चिसापानी-भिमढुंगा मार्ग, आयल निगम-दोम्बु-बलम्बु-नयाँ नैकाप-बालकुमारी-तीनथाना (पुरानो बाटो) मार्ग, पुरानो नैकाप-कंकाली-मुखिया गाउँ-थाप्ले चौर (स्वीट्जरल्याण्ड पार्क) ईन्द्रदह पञ्चकन्या हुँदै नागढुंगा मार्ग, पुरानो नैकाप-किटिनी भन्ज्याङ-मुखियागाउँ-गुम्बा मार्ग, कलंकी-घ्याम्पेडोल हुँदै नागढुङ्गा मार्ग, मितेरी मार्ग, चेकपोष्ट-मातातीर्थ मार्ग, चेकपोष्ट वाणस्थली हुँदै त्रिवेणी खहरे ईन्द्रथान जाने मार्ग, मातातीर्थ-मच्छेगाउँ-टौदह मार्ग, सतुंगल-बोसिगाउँ-मच्छेगाउँ मार्गमा रहेका सडकमार्ग तथा पुल समयमा नै मर्मत सुधार तथा निर्माण सम्पन्न गर्नका लागि नगरपालिकाबाट आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ, साथै नगरभित्र रहेका सम्पूर्ण स्थानीय स्तरका मुख्य सडकहरूलाई विशेष प्राथमिकता दिई स्थानीयबासीहरूसँग व्यापक छलफल तथा समन्वय गरी विस्तार, मर्मत तथा सुधार गरिनेछ । साथै वडा नं. २ लगायतका सुरुङ्ग मार्ग प्रभावित क्षेत्रहरुमा भएको समस्या समाधानका लागि सम्बन्धित निकायहरुमा आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

११. नगरपालिका क्षेत्रभित्र विद्युतीय गाडी चार्जिङ स्टेसनको पूर्वाधार तयार गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१२ं त्रिभुवन राजपथको कलंकी-नागढुंगा सडक खण्डमा हाल कायम रहेको मापदण्ड पूरा हुन नसकेका स्थानमा काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय काठमाडौंसँग समन्वय गरी २२ मिटर सडक क्षेत्र रेखाङ्कन गरी मापदण्ड कायम गरिनेछ । उक्त स्थानमा बनेका घरहरूको अभिलेखीकरण गर्ने व्यवस्था गरिनेछ ।

१३. त्रिवेणी पुल, बलम्बुबाट सिर्जना चोक जाने पुल लगायत बल्खु खोलामा विभिन्न स्थानमा जीर्ण र अधुरा रहेका पुलहरूलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।

१४. कलंकी नागढुंगा सडकका व्यस्त चोकमध्ये कुनै दुई स्थानमा आकाशे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

१५. चेकपोस्ट, वाणस्थली, खहरे, गहते हुँदै ईन्द्रस्थान मार्ग, थानकोट, पन्चकन्या, इन्द्रस्थान मार्ग र बलम्बु, सृजनाचोक, गैरीगाउँ, रातापोखरी, विन्ध्यवासिनी मार्गको विस्तार मर्मत र सुधार गरिनेछ ।

१६. अमर सिंह मार्गलाई यक्षघाटसम्म स्तरोन्नति गरिनेछ ।

## ग. जलश्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

१. अव्यवस्थित नाङ्गो विजुलीको तार हटाई क्रमशः ए.वि.सि. केवल तार प्रतिस्थापन गर्ने पहल गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्र रहेको ने.वि.प्रा.को बलम्बु उपवितरण केन्द्रलाई वितरण केन्द्रको रुपमा स्तरोन्नति गराई सेवा वृद्धि गर्न प्राधिकरणमा पहल गरिनेछ ।

### घ. सूचना तथा सञ्चार प्रविधि

१. नगर सुरक्षालाई मध्यनजर गरी मुख्य टोल, बस्ती र सडकहरूको साथै विद्यालय, वडा कार्यालय लगायत नगरपालिका अन्तर्गतका कार्यालयहरूमा सीसी क्यामेराको व्यवस्था र साइरन जडान कार्यलाई अझ प्रभावकारीताका साथ निरन्तरता दिइनेछ ।

२. नगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, बजार क्षेत्र, मुख्य चोक लगायत महत्वपूर्ण स्थलहरूमा निःशुल्क वाई-फाईको व्यवस्था गरिनेछ । उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

## ४. वन तथा वातावरण क्षेत्र

### क. वन, भूसंरक्षण तथा जैविक विविधता

१. दिगो आयआर्जनसँग जोड्न सामुदायिक वन उपभोक्ता समितिहरू तथा अन्य संघसंस्था, समूहहरूको समन्वयमा वन विकास, विस्तार र आर्थिक उपार्जन गर्न जडिबुटी लगायत अन्य आयमूलक उत्पादनमा जोड दिइनेछ, साथै लप्सी, एभोकाडो, टिमुर, ओखर, कटुस, अम्रिसो, निगालो, बाँस, अलैंची जस्ता नगदे बोटबिरुवा लगाउन विशेष व्यवस्था गरिनेछ ।

२. व्यवस्थित वनक्षेत्र र संतुलित पर्यावरण, जैविक विविधता संरक्षण मार्फत नगरको पर्यटकीय तथा सामाजिक विकास गरिनेछ ।

३. नगरमा भएको सार्वजनिक जग्गाको पहिचान र संरक्षण गरिनेछ । सार्वजनिक जग्गा, वनक्षेत्रमा भएको अतिक्रमणलाई यसै वर्ष अतिक्रमणमुक्त गर्न २०८० असोजबाट नापजाँच गरिनेछ ।

४. सार्वजनिक जग्गासँग जोडिएका निजी जग्गाको क्षेत्रफल बढ कायम गर्ने प्रक्रियालाई कडाईका साथ निषेध गरिनेछ । सार्वजनिक जग्गाको क्षेत्रफल कायम गरे पश्चात् मात्र निजी जग्गाको क्षेत्रफल संशोधन गर्नुपर्नेछ ।

५. अतिक्रमित भएका खोलानाला पुनःमूल्यांकन गर्न र अतिक्रमित हुन नदिन अभियानात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## ख. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

१. जल, वायु, माटो, ध्वनी, हानिकारक रसायनिक प्रदुषण कम गर्न आवश्यक कानुन तथा मापदण्ड बनाई कानुनको दायरामा ल्याइनेछ ।

२. नक्सा पास गर्दा सेप्टी ट्याङ्की र वाटर रिचार्ज सहितको सोकपिट तथा वृक्षारोपणलाई अनिवार्य गरिनेछ ।

३. सार्वजनिक स्थल, मुख्य सडक, मुख्य चोकमा आवश्यकता तथा स्थान उपलब्धताको आधारमा आधुनिक सार्वजनिक शौचालयको निर्माण गर्न आवश्यक प्रबन्ध मिलाइने छ ।

४. नदी, खोला, सार्वजनिक स्थल, बाटो आदिलाई सबै प्रकारका फोहरमैला निषेधित क्षेत्र कायम गर्ने र सार्वजनिक स्थलहरूमा प्रदूषण गर्ने कार्यलाई निषेधित गर्दै कानूनी दायरामा ल्याइनेछ ।

५. सबै मुख्य सडक र सार्वजनिक स्थलहरूमा सरसफाई र सौन्दर्यीकरणका कार्य सञ्चालन गरिनेछ।

६. योग्य र विज्ञ व्यक्तिको परामर्शमा, वातावरणमैत्री स्थानीय शासनको प्रारुप बमोजिम यस नगरपालिकामा वातावरणमैत्री नगर निर्माणको लागि नीतिनियम बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

७. खोलानाला, खोल्साखोल्सीमा ढल तथा सेप्टी टयाङ्की लगायत विषादी मिसाउने कार्यलाई कानुनको दायरामा ल्याइनेछ ।

८. अति प्रदुषण फैलाउने उद्योग कलकारखानाहरूलाई निरुत्साहित गरिनेछ । कम कार्बन उत्सर्ग हुने कपडा तथा कागजको झोला उत्पादन गर्नेलाई प्रोत्साहन गरिनेछ ।

९. फलाम, सिसा, प्लाष्टिक तथा कागजजन्य नकुहिने फोहर र कुहिने फोहरलाई स्रोतमै वर्गीकरणको व्यवस्था मिलाउन नगरबासीलाई उत्प्रेरित गर्दै अनिवार्य गराइनेछ । अस्पतालजन्य फोहर छुट्टै व्यवस्थापन गर्ने नीति लिईनेछ । शून्य फोहरको नीतिलाई अवलम्वन गर्दै अन्य फोहरजन्य पदार्थ जथाभावी जलाउन र जथाभावी फ्याक्ने कार्यलाई निषेध गरिनेछ । ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक प्रयोगमा रोक लगाईनेछ । कागज तथा कपडाजन्य लगायतका झोलाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

१०. फोहरलाई स्रोतमै परिणत गर्ने कार्यलाई प्रभावकारी बनाउन घरबाट निस्कने फोहरलाई व्यवस्थित गर्ने र फोहर व्यवस्थापन संकलनमा एकरुपता ल्याईनेछ । फोहरमैला व्यवस्थापनमा नमूना नगरपालिकाको रुपमा विकास गर्न सार्वजनिक जग्गालाई व्यवस्थित गरिनेछ । त्यस्तो जग्गा कम भएको अवस्थामा निजी जग्गालाई लिजमा लिई सरकारी, सहकारी, निजी साझेदारीका साथ कार्यको शुरुआत गरिनेछ, फोहोरमैलाको व्यवस्थापन कार्यलाई समुदायमा आधारित बनाईनेछ ।

११. फोहोरलाई मोहरमा परिणत गर्ने कार्यलाई प्रभावकारी बनाउन नगरपालिकालाई स्वच्छ, सफा, हरभरा र प्रदूषण मुक्त फोहोरमैला व्यवस्थापन गर्नका लागि दीर्घकालीन सोच बनाई नगरभित्रका उपयुक्त स्थानमा प्रविधियुक्त मेसिनरी जडान गरी फोहोर मैलाको दीर्घकालीन समाधानका लागि समिति बनाई PPP मोडलमा स्वदेशी अभ्यासको अध्ययन गरी लागु गरिनेछ ।

१२. नगरभित्र सञ्चालनमा रहेका ईट्टाभट्टा तथा टायल उद्योगहरूलाई वातावरणमैत्री प्रविधि टनेल किलिन (Tunnel Kiln) मा आधारित उद्योगलाई मात्र सञ्चालन गर्न दिइनेछ साथै सम्झौता बमोजिम नरहेका ईटाभट्टालाई हटाईनेछ ।

१३. चन्द्रागिरि एकीकृत फोहरमैला व्यवस्थापन कार्यविधि, मापदण्ड तर्जुमा गरी लागु गरिनेछ। फोहर संकलन सदस्य कार्ड अनिवार्य गरिनेछ । सदस्य कार्ड नलिनेलाई नगरपालिकाको सेवा दिइने छैन ।

१४. नगरपालिकाको विभिन्न स्थानमा प्रदुषण मापन यन्त्र राख्न बजेट व्यवस्था गरी नगरपालिकामा प्रदुषण न्यूनीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१५. प्रत्येक वडाहरूमा पुरानो पोखरी संरक्षण र कम्तीमा २ वटा नयाँपोखरीको निर्माण (वाटर रिचार्ज सेन्टर) कार्यलाई अनिवार्य गरिनेछ । बागमती सभ्यता आयोजना तथा बन उपभोक्ता समूहहरुसँगको समन्वयमा वाटर रिचार्ज लाई प्रभावकारी बनाइनेछ ।

१६. भौतिक संरचना वा भौतिक पूर्वाधार निर्माण प्रक्रियालाई वातावरणमैत्री बनाउँदै योजना कार्यक्रम छनौट गरिने वा गर्न प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७. ऐतिहासिक त्रिभुवन पार्कलाई नगरपालिकाको मातहत ल्याई नमुना पार्कको रुपमा व्यवस्थित गरी सञ्चालन गरिनेछ। “एक वडा एक उद्यान” निर्माण कार्यलाई निरन्तरता दिनुका साथै सार्वजनिक स्थलहरूमा इकोपार्क निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।

१८. नगरभित्र रहेका सार्वजनिक खोला, इनार, कुवा र ऐतिहासिक पोखरीहरू सरसफाइ गरी स्वच्छ नगरपालिका बनाउन अभियान सञ्चालन गरिनेछ ।

१९. नगरपालिकालाई वातावरणमैत्री स्थानीय तह घोषणाका लागि आगामी आ.व. २०८०/०८१ मा वजेट व्यवस्थापन

गरी वातावरणमैत्री वडा घोषणा गर्न टोल विकास संस्थाको संलग्नतामा कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. फोहरमैला व्यवस्थापनमा महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, विद्यार्थी, संघसंस्था, समूहहरुलाई समेत परिचालन गरिनेछ ।

## ग. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

१. बाढीपहिरो जाने, भूक्षय हुने क्षेत्रको पहिचान गरी रोकथामका लागि विशेष व्यवस्था गर्ने साथै मानव सिर्जित विपद्बाट हुने धनजनको क्षतिको सम्बन्धित व्यक्ति तथा संस्थालाई जिम्मेवार बनाई उचित क्षतिपूर्ति भराईनेछ ।

२. विपद व्यवस्थापनलाई व्यवस्थित र २४ सै घण्टा सेवा प्रदान गरी सुविधा सम्पन्न स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र Local Emergency Operation Center स्थापना गरी अन्य निकायको पनि संलग्नतामा नगरपालिकाले सञ्चालन गर्नेछ ।

३. नगरपालिका स्तरीय एक विपद् व्यवस्थापन स्वयंसेवक टोली र प्रत्येक वडामा स्वयंसेवक टोली गठन गरी समुदायमा आधारित विपद् प्रतिकार्य तालिमलाई जोड दिइनेछ ।

४. विपद जोखिम न्यूनीकरण तथा उत्थानशीलता र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नगरपालिका, वडा कार्यालय र नगरपालिका मातहतका सार्वजनिक सेवाका कार्यालयहरू, निजी आवासक्षेत्र, उद्योग, औद्योगिक भवनहरूमा फायर एक्स्टींग्युसर (Fire Extinguisher) अनिवार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. तत्काल विपद् व्यवस्थापनका लागि यथेष्ट बजेट व्यवस्थापन गरी प्रभावकारी र उचित राहत उद्धार, पुनर्स्थापन तथा पुनर्निर्माणको व्यवस्थापन गरिनेछ ।

७. समय समयमा आईपर्ने विपद् तथा महामारीसँग जुध्न नगरस्तरीय विपद् व्यवस्थापन कोषमा यथेष्ट बजेटको व्यवस्था गरिनेछ ।

८. नगरपालिका भित्र रहेका विभिन्न भौगोलिक संरचनागत स्थान तथा खहरे खोलाहरूबाट हुने जनधनको क्षति न्यूनीकरण गरी खेतीयोग्य जमिनको संरक्षण तथा अन्य क्षति न्यूनीकरणका लागि वडा नं. १ मा आ.व. ०८०/८१ मा सञ्चालन हुने The River Retaining Wall and New Corridor Alignment का लागि राष्ट्रिय योजना आयोगबाट समेत स्वीकृति तथा बजेट विनियोजन भएकाले यस परियोजनालाई बहुवर्षीय योजनाका रुपमा अघि बढाइनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास क्षेत्र

### क. नीति, कानून, न्याय तथा सुशासन

१. सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनीय बनाउँदै सुशासन कायम राख्न नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी बनाउँदै सार्वजनिक सूचनाद्वारा जनतामा पारदर्शी गरिनेछ ।

२. सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय प्रणाली अवलम्वन गरिनेछ । विद्युतीय नागरिक बडापत्र तथा ई-हाजिरी प्रणालीलाई निरन्तरता दिईनेछ ।

३. सानातिना मुद्दाहरूलाई वडास्तरमै फछ्र्यौट गर्नको लागि न्यायिक समिति मातहत रहने गरी वडास्तरमा स्थापना भएका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनेछ ।

४. नगरपालिकामा निर्माण भएका ऐन, कानून, कार्यविधिहरूको सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरू, कर्मचारीहरू, मेलमिलापकर्तालाई अभिमुखीकरण गरिनेछ ।

५. डिजिटल सेवा प्रवाहलाई प्राथमिकताका साथ अवलम्वन गरिनेछ।

६. भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।

७. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी साझेदारीमा आयोजनाहरू सञ्चालन गरिनेछ । समपूरक तथा विशेष अनुदान कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८. फोहोरमैला व्यवस्थापन लगायतका साझा सरोकारका विषयमा उपत्यकाका नगरपालिकाहरू बीच सहकार्य र समन्वय गरिनेछ । उपत्यका मेयर्स फोरम मार्फत साझा सरोकारका क्षेत्र पहिचान गरी कार्यान्वयनका लागि पहल गरिनेछ ।

९. खानेपानी, सडक लगायत विकासका साझा सवालहरूमा काठमाडौं महानगर, धुनिवेंशी, थाहा, इन्द्रसरोवर, कीर्तिपुर, नागार्जुनलगायतका छिमेकी स्थानीय तहहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ ।

## ख. संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

१. नगरपालिकाको सेवा प्रवाहलाई सहज र सरल बनाउन वडा र नगरमा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

२. नगर सूचना केन्द्र तोकी व्यवस्थित गरिनेछ ।

३. CCTV जडान, IT मैत्री कार्य प्रणाली, डिजिटल सेवा प्रवाह, वडा नगर नेटवर्किङ्ग, नगर मोबाइल एप्स, अनलाईन घरनक्शा पास प्रणाली (E.B.P.S.) र Online Service का साथै नागरिक सूचना प्रणालीलाई यस आ.व.मा समेत निरन्तरता दिईनेछ ।

४. नगर प्रहरीको व्यवस्था यसै आर्थिक वर्ष देखि सुरु गरिनेछ ।

५. कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डित गरिनेछ ।

६. जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकास गरिनेछ, अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदानप्रदान गर्ने नीति लिईनेछ ।

७. चन्द्रागिरि नगरपालिकाको वडा कार्यालय भवन नभएका वडाको कार्यालय भवन बनाउने र जिर्ण भएका वडाको भवन निर्माण गरिनेछ ।

८. वडा कार्यालयबाटै योजना कार्यक्रम संचालन गर्नको लागि १५ वटै वडामा लेखा समूहको जनशक्ति व्यवस्था गरी कार्यसम्पादन सहज बनाइनेछ ।

९. नगरपालिकामा सूचीकृत इन्जिनियरहरूलाई नक्सापास र मापदण्डसम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. नगरपालिकामा योजना कार्यान्वयन उपभोक्ता समितिहरूलाई विकास निर्माण तथा अन्य योजना सम्झौता, कार्यान्वयन, मापदण्ड तथा रकम फर्स्यौट सम्बन्धी तालिम तथा जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग. राजश्व तथा स्रोत परिचालन

१. प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै स्वच्छ राजश्व प्रणालीको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवं व्यवसायिक राजश्व प्रशासनको संस्थागत विकास मार्फत राजश्व चुहावटको नियन्त्रण गरिनेछ ।

२. नयाँ राजश्वका क्षेत्रहरूको पहिचान गरी स्थानीय राजश्वका दर र दायरालाई समय सापेक्ष बनाईनेछ ।

३. स्थानीयस्तरका पेशा व्यवसायीहरूलाई राजश्वको दायरामा ल्याउनको लागि उत्प्रेरित गर्ने हेतुले घुम्ती सेवा सञ्चालन गरिनुका साथै करदाता शिक्षा लागु गरिनेछ ।

४. राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि नियमित कर तिर्ने करदातालाई सम्मानित गर्ने नीति लिईनेछ ।

५. राजश्व क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई सफ्टवेयर सञ्चालन तथा क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था मिलाईनेछ ।

६. प्रत्येक वडा कार्यालयहरूमा राजश्व श्रोतको विविधीकरण तथा वार्षिक लक्ष्य निर्धारण गरिनेछ ।

७. राजश्व संकलनमा आइपर्ने बाधा अडचनलाई न्यूनीकरण गर्दै राजश्व अभिवृद्धिमा प्रभावकारिता ल्याउन राजश्व चुहावट भएका क्षेत्रहरूमा गस्ती गर्न सम्बन्धित कर्मचारीहरू र नगर प्रहरीलाई परिचालन गरिनुका साथै खटिने कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

८. राजश्व सङ्कलन एवं असुली सम्बन्धमा सम्पन्न गर्नँपर्ने कार्यहरूको निरीक्षण, अनुगमन, अध्ययन, विश्लेषण गर्नका लागि विज्ञहरूको सहयोगमा ५ वर्षे राजश्व सुधार कार्ययोजना तयार गरिनेछ ।

९. राजश्व सङ्कलन एवं असुली सम्बन्धमा छलफल, अन्तर्क्रिया, गोष्ठी, सेमिनार आदिको आयोजना गरिनेछ ।

१०. चन्द्रागिरि नगरपालिकामा रहेका पेशा व्यवसायीहरूलाई करदाता संङ्केत नं. अनिवार्य गर्ने व्यवस्था मिलाई राजश्व सफ्टवेयर तथा मोवाईल एप्समा समेत लिङ्क गरिनेछ ।

११. वडा कार्यालयहरूबाट सेवाग्राहीहरूलाई करचुक्ता प्रमाणपत्रका आधारमा सेवाप्रवाह गर्नको लागि अनिवार्य गर्ने नीति लिईनेछ ।

१२. चन्द्रागिरि नगरपालिकाका बासिन्दाहरूलाई कर तिर्न उत्प्रेरित गराउने हेतुले चन्द्रागिरि नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने सबै प्रकारका राष्ट्रसेवक कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई कर तिर्न अभिप्रेरित गरिनेछ ।

१३. चन्द्रागिरि नगरपालिकाका वडा कार्यालयहरूलाई एक वर्षको लागि राजश्व उठाउने लक्ष्य तोकिनेछ । सो लक्ष्य भन्दा बढी राजश्व उठाएमा बढी उठेको राजश्वबाट कम्तीमा १ प्रतिशत रकम प्रोत्साहन स्वरुप वडा कार्यालयका कर्मचारीहरूलाई उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

## घ. तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन

१. नगरपालिकाको सामाजिक परिसुचांकको आधारमा सामाजिक विकास सम्बन्धी नीति/योजना/ कार्यक्रम तय गर्न GPS/GIS प्रणाली अनुसार तयार भईरहेको नगर प्रोफाइललाई पूर्णता र अद्यावधिक यसै आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।

२. स्मार्ट शहर निर्माणको लागि डिजिटल हाउस नम्बरिङको कार्य शुरु यसै आ.व.बाट गरिनेछ ।

३. समग्र पूर्वाधार विकासको लागि आर्थिक मूल्यांकनको प्रक्रिया अगाडि बढाउन नगरस्तरीय तथ्यांक संकलनको प्रकृया अगाडि बढाइने छ ।

४. उत्पादन बृद्धि तथा रोजगारी सृजनाको लागी सार्वजनिक निजी साझेदारीका आधारमा सञ्चालन गर्न सकिने योजनाहरू प्राथमिकताको आधारमा छनोट गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

५. नगरबासीको चाहना र आवश्यकतालाई केन्द्रबिन्दूमा राख्दै उपभोक्ताको अत्यधिक श्रमदान, योगदान हुनसक्ने योजनालाई प्राथमिकता दिईनेछ । साथै, योजनामा आधा-आधा लगानी सहभागिता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

६. योजना सञ्चालन गर्दा ठेक्काको ३ प्रतिशत र उपभोक्ता समितिको लागि १.५ प्रतिशत कन्टीन्जेन्सी कायम गरिनेछ । जनसहभागितालाई २० (बीस) प्रतिशत कायम गरी लागू गरिनेछ।

७. दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय लक्ष्यलाई आधार मानी १६ वटा लक्ष्यहरूको पूर्तिकालागि स्थानीय तहका लागि सम्भावित २८५ क्रियाकलापहरूमध्ये यस नगरपालिकासँग सम्बन्धित क्रियाकलाप र सूचकहरू निर्धारण गरी दिगो विकास स्थानीयकरण कार्ययोजना निर्माण गरिनेछ ।

८. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यको सांकेतीकरणका आधारमा गरिनेछ ।

प्रमाणीकरण: २०८० असार ८ गते

मूल्य रू.

आज्ञाले

जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत